# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभागको

**विद्युतीय भुक्तानी उपकरणहरुको प्रयोग गर्दा सजगता अपनाउने सम्बन्धी सूचना ।**

विगत केही समयदेखि अनधिकृत व्यक्तिहरुले बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायकको कर्मचारी भएको भनी ग्राहकहरुलाई ग्राहक पहिचान (केवाइसी) सम्बन्धी विवरण अद्यावधिक गर्न सम्बन्धित ग्राहकबाट One Time Password (OTP)/निश्चित अंकको नम्बर/नम्बर उल्लेख भएको म्यासेज जस्ता विवरण माग्ने गरेको बुझिएको । यस्ता अनधिकृत व्यक्तिले ग्राहकको मोबाइल बैंकिङ/इन्टरनेट बैंकिङ/कनेक्ट आईपिएस/वालेट जस्ता विद्युतीय भुक्तानीका साधनको Password Reset गरी ग्राहकको खातामा आफ्नो पहुँच पुऱ्याई ग्राहकको खाताबाट विभिन्न बैंक तथा वित्तीय संस्था एवम् वालेटहरुमा रकमान्तर गर्ने प्रवृत्ति बढेको पाइएको ।

यस सन्दर्भमा यस्ता ठगीबाट जोगिनका लागि अपरिचित व्यक्तिले माग गरेको कुनै पनि सूचनाहरु उपलब्ध नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । कसैले यस प्रकारका घटना घटाएमा वा घटाउनका लागि उत्प्रेरित गरेमा सो को जानकारी तत्कालै सम्बन्धित सेवा प्रदायक संस्था तथा यस बैंकको वित्तीय ग्राहक संरक्षण पोर्टल (Financial Consumer Protection Portal) मा दर्ता गराउनुहुन वा यस बैंकको ईमेल ठेगाना gunaso_psd@nrb.org.np मा अबिलम्ब जानकारी गराउनुहुन सूचित गरिन्छ । साथै, भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरुले यस्ता अवाञ्छित गतिविधिहरुलाई सुक्ष्म रुपमा निगरानी गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मिति : २०८०/०२/३२